म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१४ अङ्क:- २६६ २०८० भदौ ५ गते मंगलबार 22 August 2023, Tuesday - पृष्ठ ४ मूल्य रू. ५/-

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



**सम्पर्क** ०५७-५९०९७७

QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

### शम्भु मिष्ठान्न र चन्दन स्वीट्सलाई उत्पादन र बिक्री रोक्न निर्देशन

# व्यवसायीद्वारा अवज्ञा गर्दै निर्वाध सञ्चालन




*सिल गरिएको भनिएको मिष्ठान्न भण्डार सोमबार खुला अवस्थामा ।*

समाज संवाददाता

हेटौंडाः खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयले आइतबार र सोमबार बजार अनुगमनको क्रममा दुईवटा मिठाई पसललाई उत्पादन तथा बिक्री वितरणमा रोक लगाउन निर्देशन दिएको छ । तर, ती दुवै मिठाई पसल निर्वाध सञ्चालनमा रहेको छ । अनुगमनका क्रममा अत्यधिक फोहर र असुरक्षित भण्डारण एवम् बिक्री वितरणको अवस्था देखेर आइतबार हेटौंडा-१०, मेनरोडस्थित जय शम्भु मिष्ठान्न भण्डार र सोमबार हेटौंडा-४, कान्तिराजपथस्थित चन्दन स्वीट्स एण्ड बेकरीलाई खाद्य पदार्थ उत्पादन र बिक्री वितरणमा रोक्न अनुगमन समिति निर्देशन दिएको छ । तर, सोमबार दुबै मिठाई पसल निर्वाध सञ्चालनमा रहेको छ ।

स्थानीय प्रशासन, स्थानीय सरकार र सुरक्षा निकायको समेत सहभागितामा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय हेटौंडाको संयोजनमा भएको अनुगमनका क्रममा कमिकमजोरी भेटिएपछि बिक्री वितरण रोक्न निर्देशनलाई बेवास्ता गर्दै व्यवसायीले पसल सुचारु राखेका छन् ।

चन्दन स्वीट्स एण्ड बेकरीले अनुगमन टोलीले टाँस गरेको सरकारी सूचना समेत च्यातेको पाइएको छ । सोमबार दिउँसो अनुगमनको क्रममा चन्दन स्वीट्स एण्ड बेकरीले फोहर व्यवस्थापनमा ध्यान नदिउको, फोहर पानी बग्ने पाइप फुटेर दुर्गन्धित भएको लगायतको वस्तुस्थितबारे उल्लेख गरिएको सूचना टाँस गरिएको थियो । अनुगमनका क्रममा पाइएको कैफियतसम्बन्धी सूचना ३ दिनसम्म सुरक्षित राख्न र उपभोक्ताले अध्ययन गर्न पाओस् भन्ने उद्देश्यले टाँसिएको थियो । तर, अनुगमन टोली गएको केही मिनेटमै सूचना च्यातिएको छ । यस विषयमा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय हेटौंडाका कार्यालय प्रमुख क्षीतिज श्रेष्ठलाई जानकारी गराउँदा अनुगमन टोलीका संयोजकमार्फत बुझ्ने बताउनुभएको छ ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय हेटौंडाले चाडपर्व नजिकिएसँगै हेटौंडा बजारक्षेत्रमा अनुगमन सुरु गरेको हो । सरोकारवाला निकायसँगको सहकार्यमा गुण नियन्त्रण कार्यालयले आइतबारदेखि बजार अनुगमन सुरु गरेको जनाएको छ । अनुगमनको क्रममा सरसफाईमा अत्यधिक लापरवाही रही खाद्य पदार्थको अस्वस्थकर उत्पादन, भण्डारण र बिक्री वितरण भइरहेको पाइएको उल्लेख गर्दै हेटौंडा-१०, मेनरोडस्थित जय शम्भु मिष्ठान्न भण्डारमा सिल गरिएको थियो ।

खाद्य अनुसन्धान अधिकृत प्रगति अधिकारीले आइतबार एक विज्ञप्ति जारी गर्दै जय शम्भु मिष्ठान्न भण्डारलाई अर्को सूचना नभएसम्म खाद्य पदार्थको उत्पादन तथा बिक्री रोक्का गरिएको जानकारी गराउनुभएको छ । अनुगमनका क्रममा हेटौंडा-१०, मेनरोडस्थित राजधानी स्वीट्स, न्यू स्वीट एण्ड चाट हाउस,

...बाँकी पृष्ठ ३ मा

# बागमती प्रदेशले ल्यायो श्रम तथा रोजगार नीति



*श्रम तथा रोजगार नीति सार्वजनिक गरेपछि कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्री शालिकराम जम्कट्टेल ।*

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारले श्रम तथा रोजगार नीति-२०८० सार्वजनिक गरेको छ । साढे २ वर्षको प्रयासपछि प्रदेश सरकारले श्रम नीति ल्याएको हो । सोमबार बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेल र श्रम, रोजगार तथा यातायात मन्त्री लक्ष्मण लम्सालले प्रदेश श्रम तथा रोजगार नीति-२०८० सार्वजनिक गर्नुभयो ।

प्रतिस्पर्धी जनशक्ति विकास तथा उत्पादनमूलक क्रियाकलापका लागि अनुकुल वातावरणको सिर्जना गरी सबैलाई गुणस्तरीय रोजगारी एवम् स्वरोजगारीका अवसर प्रदान गर्ने लक्ष्य सार्वजनिक गरिएको नीतिमा छ । श्रमिकको अधिकारको रक्ष तथा श्रम प्रशासनको सुदृढीकरण गर्ने, श्रम बजारको विकास एवम् रोजगारमूलक क्षेत्रमा लगानी प्रोत्साहित गर्ने र वैदेशिक रोजगारलाई सुव्यवस्थित गर्न सहकार्य अभिवृद्धि गर्ने उद्देश्य नीतिमा उल्लेख गरिएको छ ।

नीति सार्वजनिक गरेपछि मुख्यमन्त्री शालिकराम जम्कट्टेलले आफू मजदुर वर्गकै राजनीति गरेर आएको पृष्ठभूमि उल्लेख गर्नुहुँदै प्रदेश सरकारले समुदायमा आधारित अनुदान, गृहिणी महिलालाई रोजगारीको अवसर, सीप सिकेका दक्ष जनशक्तिलाई वैदेशिक रोजगारीमा पठाउने लक्ष्य लिएको बताउनुभयो । उहाँले अनौपचारिक क्षेत्रका मजदुरलाई सामाजिक सुरक्षा कार्यक्रममा समावेश गर्दै गर्दा सरकारले पनि उनीहरुलाई लगानी गर्नुपर्ने बताउनुभयो । श्रम, रोजगार तथा यातायात मन्त्री लक्ष्मण लम्सालले वैदेशिक रोजगारीलाई न्यूनीकरण गर्ने गरी प्रदेशको नीतिले काम गर्ने दावी गर्नुभयो । मन्त्रालयका सचिव तीर्थप्रसाद भट्टराईले नीतिका बारेमा जानकारी गराउनुभएको थियो ।

कार्यक्रममा संयुक्त ट्रेड युनियन समन्वय केन्द्र बागमती प्रदेश समितिका अध्यक्ष रामहरि नेपालले प्रदेश सरकारले नीति निर्माण गर्नु सकारात्मक भए पनि कार्यान्वयनमा चुनौति रहेको औंल्याउनुभयो । उहाँले २ वटा श्रम कार्यालय राखेर प्रदेशभर श्रम क्षेत्रको नियमन, अनुगमन सम्भव नभएको बताउनुभयो । मकवानपुर उद्योग वाणिज्य संघका उपाध्यक्ष उज्ज्वल चौलागाईले नीतिमा श्रम क्षेत्रलाई प्राथमिकता दिएको, रोजगारीको क्षेत्रमा ध्यान नपुगेको बताउनुभयो । रोजगारदाताको पक्षमा पनि नीतिले ध्यान पुर्याउन नसकेको उहाँको दावी छ । प्रदेश श्रम तथा रोजगार नीति निर्माणमा सुरक्षित आप्रवासनसम्बन्धी सामी परियोजनाले सहयोग गरेको छ ।




# मकवानपुरका विशेष, भुवन र सन्तोष यु-१६ राष्ट्रिय फुटबल टोलीमा



*बायाँबाट क्रमशः भुवन, विशेष र सन्तोष ।*

समाज संवाददाता

हेटौंडाः अखिल नेपाल फुटबल संघ (एन्फा) ले घोषणा गरेको १६ वर्ष उमेर समूह (यु-१६) को राष्ट्रिय टिममा मकवानपुरका ३ खेलाडी समावेश भएका छन् । बन्द प्रशिक्षणमा रहेका ३५ खेलाडीमध्येबाट सोमबार एन्फाले २३ सदस्यीय राष्ट्रिय टिमको घोषणा गरेको हो । यही भदौ १५ गतेदेखि भदौ २४ गतेसम्म भुटानमा हुने यु-१६ साफ फुटबल प्रतियोगितामा सहभागी हुने राष्ट्रिय टिममा मकवानपुरका विशेष बानियाँ, भुवन कामी र सन्तोष गोङ्बा समेटिएका छन् । नेपाल अघिल्लो संस्करणको उपविजेता टिम पनि हो ।

राष्ट्रिय टिममा समेटिएका मकवानपुरका तीनैजना ए डिभिजन क्लबमा आवद्ध छन् । गोलरक्षक विशेष बानियाँ र फरवार्ड सन्तोष गोङ्बा ए डिभिजन क्लब न्युरोड टिम (एनआरटी) मा आवद्ध छन् भने डिफेन्डर भुवन कामी त्रिभुवन आर्मी फुटबल क्लबमा आवद्ध छन् । हेटौंडा-२ बनस्खण्डीका विशेष ३ वर्षदेखी एन्फाको युथ परियोजनाअन्तर्गत न्युरोड टिम एनआरटीको युथ एकेडेमीमा आवद्ध खेलाडी हुन् । उनी ल्याबोरेटरी स्कुलमा कक्षा १० मा अध्ययनरत विद्यार्थी हुन् ।

हेटौंडा-१९ घर भएका सन्तोष हेटौंडा-३, बसामाडीस्थित शिक्षा विकास शिशु सदनमा कक्षा १० मा अध्ययनरत छन् । स्थानीय प्रतियोगितामा आफुलाई प्रमाणित गरेका सन्तोष एनआरटिमा खुल्ला छनौट मार्फत आबद्ध भएका हुन् । लिगको पहिलो खेलमा त्रिभुवन आर्मी फुटबल क्लबको युथ-१६ टिमलाई एनआरटीले ५-१ गोलअन्तरले पराजित गर्दा पाँचै गोल सन्तोषले गरेका थिए । उक्त खेलमा सन्तोष म्यान अफ द म्याच भए । सन्तोष यु-१६ लिगमा पहिलो ह्याट्रिक गर्ने खेलाडी मात्र नभई जारी युथ-१६ लिगको टप स्कोरर समेत हुन् ।

सात वर्षको उमेरमा बिजुलीको ट्रान्सफर्मरमा परेर दोस्रो जीवन पाएका भुवनको बाल्यकाल दुखै दुखमा बितेको छ । हेटौंडा-१०, भुटनदेवी मन्तिररोड बस्ने भुवन पनि ३ वर्षदेखि एन्फाको युथ परियोजनाअन्तर्गत त्रिभुवन आर्मी युथ एकेडेमीमा आवद्ध खेलाडी हुन् । उनी सैनिक स्कुलमा कक्षा ८ मा अध्ययनरत विद्यार्थी हुन् । भुवनले विद्यालयस्तरीय सैनिक कप प्रतियोगितामा इमर्जिङ खेलाडीको उपाधी जितेका थिए ।

# बाढी/पहिरो जस्ता विपद्को जोखिमबाट बच्न र बचाउन हार्दिक अनुरोध

**बाढी/पहिरो नियन्त्रणका तत्कालीन उपाय**

- आफ्नो गाउँघरका माथिल्ला भागबाट गहिरो कुलो काटी पानीको उचित व्यवस्थापन गर्ने ।
- कतै जमिन चिरा परेको देखेमा त्यसभित्र पानी नछिर्ने गरी टाल्ने ।
- आफ्नो घर तल-माथिको जमिन तथा घरभित्र गहिरो चिरा परेको भएमा तुरुन्त सुरक्षित स्थानमा गएर बस्ने ।
- पानीको बहाव बढ्दै ढुङ्गा माटो कटान गरेमा आफू भन्दा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिने ।
- भूकम्पको धक्काले आफ्नो घरवरपर कत्तिको क्षति गरेको छ त्यसको राम्रोसँग निगरानी गर्ने ।
- पहिरो कटान र यसले गर्ने क्षतिको आंकलन गरी विकास निर्माणका कामहरू, जस्तै- बाटो खन्ने, ढुङ्गा निकाल्ने, कुला तथा नहर बनाउने ।

बाढीबाट जोगिन नदी तटीय क्षेत्रमा बस्न हुन्न ।
होचो भूभागमा आवातजावत गर्न हुन्न ।
गाउँ र वस्तीमा बाढी आयो भने उचो भूभागमा जानुपर्छ ।
समूहमा बस्नुपर्छ ।
उचो भूभागमा जाने ठाउँ छैन भने आफ्नो घरको पहिलो, दोस्रो तल्ला वा छतमा बस्न सकिन्छ । छतमा पनि बस्न सक्ने अवस्था भएन भने बाहिरबाट गएका उद्धार टोलीलाई आफ्नो समस्या भन्नुपर्छ ।
बाढी पूर्वानुमान शाखाको पैसा नलाग्ने नम्बर ११५५ मा फोन गरेर कता बाढी जाँदैछ भन्ने थाहा पाउन सकिन्छ ।
संचारमाध्यमबाट आएको सूचनालाई आधार बनाएर सतर्क हुनपर्छ ।
सूचना अनुसार सुरक्षित ठाउँको पहिचान पहिले नै गर्ने र बाढी आइहाले त्यो ठाउँमा जानुपर्छ ।
ठूलो पानी परेपछि जमिन कमजोर हुने भएकाले भिरालो जमिनमा बस्दा उच्च सतर्कता अपनाउनुपर्छ ।
पहिले पहिरो गएका ठाउँमा फेरि पनि पहिरो जाने संभावना धेरै हुने भएकाले त्यस्ता ठाउँको पहिचान गर्नुपर्छ ।
घर भत्किएर जनधनको क्षती हुने भएकाले घर बाहिर निस्किएर बस्नुपर्छ ।
ठूलो पानी परिरहे जोखिमयुक्त क्षेत्र नजिक भए नसुती चनाखो भै बस्नुपर्छ ।

**भीमफेदी गाउँपालिका**
**मकवानपुर**

## सम्पादकीय

# मूल्यवृद्धि नियन्त्रण आवश्यक

पछिल्ला केही वर्षदेखि बजारमा दैनिक उपभोग्य वस्तुको मूल्य आकाशिएको छ । आम उपभोक्ताको दैनिकीमा प्रभाव पार्ने तरकारीदेखि खाद्यान्न, दुग्धपदार्थ, तेल, मासु, फलफूल सबै उपभोग्य वस्तुको मूल्यवृद्धि भइरहेको छ । पछिल्ला दिनहरुमा गोलभैंडालगायत मौसमी तरकारी मूल्य पनि निकै वृद्धि भएको छ । दुई दिनअघि मात्रै भारतले प्याजको निर्यातमा ४० प्रतिशत कर लगाउने समाचार बाहिरिएलगत्तै नेपाली बजारमा प्याजको मूल्य ह्वात्तै बढेको छ । प्याजको थोक मूल्यमै १७ रुपैयाँ वृद्धि भएको समाचार आइरहेको छ । बजारमा मन्दीको अवस्था देखिइरहेको र आम उपभोक्ताको आम्दानी घट्दो दरमा रहँदा दैनिक उपभोग्य वस्तुमा भएको मूल्यवृद्धिले उपभोक्ताको दैनिकी नै प्रभावित हुने अवस्था आउन थालेको छ । हरेकको भान्सामा अत्यावश्यक मानिएको आलु, प्याज, गोलभैंडालगायत तरकारीको उच्च मूल्यवृद्धिका कारण आम नेपाली महँगीको मारमा परेका छन् ।

समग्रमा गत आर्थिक वर्ष नेपालीहरुले ७.७४ प्रतिशत मूल्यवृद्धि खेपेको राष्ट्र बैंकको तथ्यांक छ । खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत् रेष्टुरेण्ट तथा होटलबाट प्राप्त सेवामा १४.४२ प्रतिशत, मरमसलाको १२.५० प्रतिशत, खाद्य तथा खाद्यजन्य पदार्थमा १०.७० प्रतिशत र दूध, अण्डाको ९.२३ प्रतिशतले मूल्यवृद्धि भएको राष्ट्र बैंकले जनाएको छ । गैरखाद्य तथा सेवा समूहअन्तर्गत् यातायात १३.५० प्रतिशत, मनोरञ्जन तथा संस्कृतिमा १०.१८ प्रतिशत, स्वास्थ्यमा १०.०१ प्रतिशत, शिक्षा सेवाको ८.७९ प्रतिशत र घरायसी उपयोगका वस्तुहरुमा ८.६५ प्रतिशतले महँगी बढेको छ । काठमाडौं उपत्यकाका मानिसहरुले ७.५५ प्रतिशतको मूल्यवृद्धि खेपिरहँदा तराईमा ८ प्रतिशत, पहाडमा ७.५६ प्रतिशत र हिमालमा ७.१२ प्रतिशत महँगी देखिएको राष्ट्र बैंकको तथ्यांक छ ।

बजारमा वस्तुको मूल्यलाई माग र आपूर्तिले प्रभाव पारिरहेको हुन्छ । यस्तै, उत्पादन तथा खरिद लागत वृद्धि हुँदा पनि वस्तु तथा सेवाको मूल्यवृद्धि हुन्छ । औद्योगिक वस्तुहरुको मूल्य त्यसको लागत र व्यवसायीको नाफामा भर पर्ने भए पनि कृषिजन्य वस्तुको मूल्यलाई माग र आपूर्तिको सन्तुलनले प्रभाव पारिरहेको हुन्छ । तर, नेपाली बजारमा भने सधैं यस्तो देखिँदैन । हामीकहाँ खाद्यान्न, गेडागुडी, तरकारी, फलफूललगायत अधिकांश कृषिजन्य वस्तुहरुको मूल्य बिचौलियाको हातमा देखिने गरेको छ । वस्तुको बिक्री वितरण प्रक्रियामा रहने बिचौलिया (मध्यस्थकर्ता व्यापारी)ले आफ्नो इच्छाअनुसारको मूल्य निर्धारण गरी अर्कोलाई बिक्री गर्दै जाँदा कतिपय वस्तुको मूल्य अस्वभाविक वृद्धि हुने गरेको पाइन्छ । बजारमा व्याप्त अप्रत्यक्ष सिन्डिकेट पनि कृषिजन्य वस्तुको मूल्यवृद्धिको कारण बन्ने गरेको छ । अहिले देखिएको अधिकांश वस्तुको मूल्यवृद्धिमा पनि उत्पादन, माग, आपूर्ति, किसानको लागतभन्दा पनि अन्य कारणहरुकै भूमिका देखिएको छ । सरकारी तथ्यांकभन्दा धेरै गुणा मूल्यवृद्धि भइरहेको भए पनि नियमनकारी निकाय सक्रिय बन्न सकेको छैन । सरकारी नियमनकारी निकायसमेत बजार संयन्त्रमा रहेका बिचौलियाको अगाडि निरिहजस्तै बनिरहेका छन् ।

राज्य संयन्त्रले बजारमा देखिएको हरेक वस्तुको मूल्यवृद्धिको कारण खोजी गर्नुपर्छ । तीनै तहका सरकार र मातहतका नियमनकारी निकायले मूल्यवृद्धिका कारण खोज्दै बजारमा झाँगिदै गएको व्यावसायिक अनुशासनहीनतालाई नियन्त्रण गर्न सक्रियता देखाउनुपर्छ । मूल्यवृद्धि नियन्त्रणमा सरकारी निकायले हस्तक्षेपकारी भूमिका निर्वाह गर्न नसकेकै कारण मनलाग्दी ढंगले महंगी बढिरहेको छ । अत्यावश्यक वस्तु तथा सेवाको मूल्यमा अस्वभाविक वृद्धि हुँदा त्यसको असर एउटा सामान्य परिवारदेखि मुलुककै अर्थतन्त्रसमेत पर्दछ । तरकारीलगायत दैनिक उपभोग्य वस्तुको मूल्यवृद्धिको चिन्ता र असर आम उपभोक्तालाई पर्ने गरेको भए पनि यसले समग्र अर्थतन्त्रमा पनि उत्तिकै असर पारिरहेको हुन्छ । सरकारी नियमनकारी निकायले मूल्यवृद्धि नियन्त्रणका लागि प्रभावकारी कदम चाल्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल




पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : बौद्धिक र दार्शनिक क्रियाकलापमा सरिक भइने छ ।
**वृष** : परिवारको इच्छा बुझेर अगाडि बढ्दा राम्रो हुन्छ ।
**मिथुन** : परोपकारी र सामाजिक काममा दौडधूप होला ।
**कर्कट** : भोगविलास र आनन्दप्रति मन आकर्षण बढ्ला ।
**सिंह** : मनोरञ्जन र भेटघाटमा समय व्यतित होला ।
**कन्या** : दुरगामी लगानीमा ध्यान पुऱ्याउँदा राम्रो ।
**तुला** : विशिष्ट व्यक्तिसँग मित्रता बढ्ला ।
**वृश्चिक** : कामधन्दामा व्यस्त रहने समय योग देखिन्छ ।
**धनु** : महत्वकांक्षा नराख्दा नै राम्रो रहने समय छ ।
**मकर** : परिबन्ध र बाध्यताका कारण आर्थिक बोझ होला ।
**कुम्भ** : मातृपक्षको सल्लाहले गरिएको कामबाट लाभ ।
**मीन** : न्यायिक र प्रशासनिक क्षेत्रबाट लाभ प्राप्त होला ।

# राजनीति–समाज बुझेका विचारक

**राजनीतिमा भन्दा उनी दर्शन र समाजका सन्दर्भमा धेरै घोत्लिने गर्दथे । उनीसँगका ज्यादै कम र सटिक भेटमा केही जिज्ञासाहरू राख्ने प्रयत्न गर्दथें । तर, प्रायशः उनका प्रारम्भिक जवाफहरू रोचक र ठट्यौली पाराका हुन्थे । समाजको मनोविज्ञान बुझेर नै उनले राजनीतिक पद, सत्तामा बस्न चाहेनन् ।**





**✍ रामकुमार भुजेल**

महाप्रस्थानको पहिलो स्मृति पुण्यतिथिमा आइपुग्दा राजनीतिक विचारक प्रदीप गिरीलाई फेरि सम्झिने मौका मिल्यो । उनी विचारका मार्फत समाजको भुइँतहमा रहेर आशा जगाउन, दियो बाल्न चाहन्थे । राजनीति र समाजका आयामलाई गहिरो अध्ययन गर्थे । समाजको परिवर्तनलाई आत्मसात् गर्न चाहन्थे । नयाँ पुस्तासँग धेरै सिक्न र सिकाउन चाहन्थे ।

राजनीतिक परिघटनाहरूले समाजमा पार्ने प्रभावका बारेमा चिन्तनशील हुन्थे । समाजलाई चिनेका र समाजले चिनेका व्यक्तिका रूपमा चिनिन्थे गिरी । समाजसँगको अन्तरसम्बन्धमा हुनसक्ने ज्यादै कममध्येका चिन्तनशील राजनीतिज्ञका रूपमा शालीन, सादगी र सरल पहिचानमा निर्विकल्प थिए उनी ।

राजनीतिक दलका मञ्च, सञ्चार क्षेत्रसँगका वैचारिक अन्तरसंवाद, संसदका छलफलहरूमा सधैं गम्भीर भएर प्रस्तुत हुने उनको व्यवहारका कारण पाठकलाई पनि एकाग्र भएर उनका कुरा सुन्ने बानी परेको थियो । पछिल्लो पटक संसदमा बोल्दै प्रदीप गिरीले विनियोजन बजेट अधिवेशनमा गाउँ-शहरको विकासका मोडेलका सन्दर्भमा अत्यन्तै मार्मिक विषयलाई उठान गरेका थिए । उनको विचार विकास मिश्रित मोडेलमा होइन कि मौलिकताको मोडेलमा गर्न अर्थमन्त्रीलाई सुझाएका थिए ।

गाउँलाई गाउँ जस्तै र शहरलाई शहर जस्तै बनाएर विकास गर्नुपर्नेमा अहिले जताततै गाउँ शहरको नीतिले गाउँ र शहरका आ-आफ्नै मौलिक पहिचान, सुविधा र अवसरहरूबाट हामी वञ्चित हुँदैछौं भन्ने गम्भीर विषयलाई उठान गरेका थिए ।

सरकार र राजनीतिक दललाई सधैं लोकतान्त्रिक मूल्यमान्यता, राजनीतिक संस्कार, विधिको शासन, समाजका माग र आवश्यकता साथै समयानुकूल हुन बारम्बार आग्रहपूर्ण खबरदारी गरिरहे । बदलिंदो विश्व व्यवस्था, राजनीतिक, सामाजिक, आर्थिक एवम् कूटनीतिक परिवर्तनका समयानुकूल धारणा राखिरहे ।

राजनीति र शासकीय व्यवस्थाका बारेमा जनतालाई केन्द्रमा राखेर समाजका हरेक व्यक्तिहरूको अधिकार सुनिश्चित हुनुपर्छ भन्ने धारणा उनको समाजप्रतिको गहिरो अध्ययनले सिर्जना गरेको हो । जुन कुरालाई अहिलेको समय र समाजले आत्मसात् गर्दैछ ।

गिरी भारतमा अध्ययनका क्रममा रहँदा भारतीय राजनीतिक परिवर्तन, सामाजिक संरचना, धार्मिक अतिवादी, आर्थिक र कूटनीतिक परिवर्तनलाई नियालेका पात्र हुन् । यी विषयवस्तुमा नेपालसँग तुलनात्मक अध्ययन, विश्लेषण र प्रयोगवादी सिद्धान्तलाई अंगीकार गर्न नेताहरूलाई उनले उत्प्रेरित गरिरहन्थे ।

भारतमा अध्ययन गर्ने बेलादेखि नै नेपालको लोकतान्त्रिक आन्दोलनका नेता तथा कांग्रेसका संस्थापक जननेता बीपी कोइराला, गणेशमान सिंह, सुवर्णशमशेर, कृष्णप्रसाद भट्टराई लगायत नेताहरूसँगको सम्बन्ध र संगत, अध्ययनप्रतिको एकाग्रताले त्यो समयका धेरै विषयमा सिक्न, बुझ्न पाएका थिए ।

समाजवादको सन्दर्भमा बीपीसँग सवाल-जवाफ गर्न सक्ने मध्येका एक थिए । साँचो अर्थमा गिरी थोरै त्यस्ता पात्रहरूमध्ये एक प्रतिनिधि हुन् जसले बीपी कोइराला र अहिलेका युवा दुवैसँग राजनीतिक संवाद र छलफल गर्ने मौका पायो ।

समाजका आरोह-अवरोह प्रत्यक्ष रूपमा अनुभव गर्दै अध्ययनको फराकिलो दायराले सधैं समृद्ध समाजको परिकल्पना गरिरहे । समाजको रूपरेखाको रूपान्तरण गर्ने माध्यम नै राजनीति हो । र, राजनीतिक व्यवस्थालाई प्रभावकारी र रूपान्तरणकारी हुनुपर्दछ भनेर नै होला उनले सधैं पार्टी पंक्तिदेखि अन्य पार्टीका फोरमहरूमा पनि निर्धक्क सही र गलत प्रवृत्तिको प्रशंसा र विरोध गरेका प्रशस्त प्रसंग छन् ।

कहिले ग्रामीण अर्थतन्त्र त कहिले पर्यावरण, कहिले सीमान्तकृतका मुद्दा त कहिले लैङ्गिक विभेदमा परेकाहरूका मुद्दा, उनले लोकतन्त्र र उदार व्यवस्थाप्रतिको सामाजिक चेतना, जनताका बोली, सीमान्तकृतको पक्षमा राजनीतिक नेता र दललाई गम्भीर भएर सोच्न बाध्य पारे ।

गिरीले गान्धीवादी विचारक, समाजवादी चिन्तक र अध्ययनशील नेताको छवि बनाए । उनले पूर्वीय दर्शनदेखि पश्चिमा दर्शन भाषा, साहित्य र इतिहासको अध्ययन मार्फत आफ्नै समृद्ध सोच बनाए । मार्क्सदेखि लेनिन, हरारीदेखि नेल्सन मण्डेला, गान्धीदेखि बीपी र माओदेखि सी जिनपिङसम्मका राजनीतिक दर्शनका मार्फत पछिल्लो पुस्तालाई सधैं समयानुकूल हुन जोड दिइरहे । त्यसले उनको ज्ञानलाई पछिल्लो पुस्ताले अङ्गीकार गर्न सहज मान्दथ्यो ।

सादगी जीवनशैली, लोकतन्त्र र समाजवादप्रतिको अविरल निष्ठा, अध्ययनप्रतिको लगाव र युवा पुस्तालाई त्यो ज्ञान सञ्चार गर्न रुचाउने उनले सत्ताप्रतिको मोह त्यागेका कारण नै समाजमा झन् निष्ठावान ठहरिए ।

नेपाली कांग्रेस विभिन्न समयमा सत्ताको बागडोर सम्हाल्दै गर्दा उनी पार्टीको महत्वपूर्ण जिम्मेवारी र सरकारमा जान मिल्ने अनेक अवसर भन्दा पर बसे । राजनीतिक संघर्ष, त्यसको सिकाइ, भोगाइ र त्यसमा थप अध्ययन गरेर उनी ज्ञानवान बनेर बुझाइ निर्माण गर्दथे । उनी सादगी जीवन, राजनीतिक अध्ययन र त्यसबाट आफूलाई बोध भएको कुरा नयाँ पुस्तालाई संचार गर्ने कुरामा सदैव लागिरहे । सम्भवतः त्यही कारण उनले सबैले आदर गर्ने नेताको रूपमा आफ्नो जीवन बाँचे । नेपाली राजनीतिक र बौद्धिक जमातलाई एउटा अग्लो चिन्तकका रूपमा गिरीको सदैव अभाव खट्किने नै छ ।

२००४ सालमा जन्मेका गिरीले विभिन्न दशकका राजनीतिक परिवर्तन व्यहोरे । राजसंस्था, पञ्चायत, लोकतान्त्रिक आन्दोलन, बहुदलीय व्यवस्था, लोकतान्त्रिक गणतन्त्रहुँदै संघीय लोकतान्त्रिक गणतन्त्रसम्मका राजनीतिक परिघटना र सामाजिक रूपान्तरणका साक्षी बने ।

राजनीतिक र सामाजिक रूपान्तरणका उत्प्रेरक विचारहरू व्यक्त गरेकै कारण उनले चार वर्ष जेलनेल भोगे । उनको अध्ययनले जे देखाएको थियो त्यस्तै समुन्नत समाज प्रक्रिया निर्माण हुँदै गइरहेको थियो । उनको अध्ययनको दायरा र अनुभवसिद्ध विभिन्न चरणका सामाजिक संरचना र तिनले फेरेका काँचुलीका सन्दर्भमा उनी दंग हुन्थे ।

संविधान बहुमत र अल्पमतको दस्तावेज बन्नुहुँदैनथ्यो । सर्वमान्य रूपमा जारी गर्ने उपायहरूका बारेमा छलफल नै नगरी हतारिंदाको परिणाम सुखद भएन भन्ने भनाइमा जीवनको अन्त्यसम्म नै अडिग रहे गिरी । संविधान घोषणा हुँदा कतै उल्लासमय वातावरण त कतै निराशाजनक विरोधले संविधानलाई सर्वमान्य रूपमा आत्मसात् गर्न नसक्दा अहिले पनि त्यो समस्या उस्तै रहेको उनले बारम्बार भनिरहे ।

समाजले माग गरेको दस्तावेज नै संविधान हो भने समाजले अपनत्व गर्न सक्ने संविधानको अपरिहार्यता अन्तरसम्बन्धित हुन्छ । त्यसैले समाजका सबै वर्ग, समुदाय, लिङ्गले अपनत्व गर्न सक्ने संविधान र त्यसको प्रभावकारी कार्यान्वयनमा उनले सधैं जोड दिए ।

राजनीति र समाजलाई अन्योन्याश्रित गरेर व्याख्या गर्ने गिरी प्रायः भाषण, प्रवचन, लेखनमा समेत देश-विदेशका विभिन्न समाज, दर्शन, राजनीति र इतिहास लगायत विविध आयामका सन्दर्भलाई जोडेर व्याख्या गर्दै जाने हुनाले उनको ज्ञानको दायरा निकै रोचक र गम्भीर ढंगको देखिन्थ्यो । विभिन्न भाषा, इतिहासका बारेमा इच्छुक भएर सिक्ने र प्रयोग गर्ने बानी उनको देखिन्थ्यो । मर्यादा र नैतिकताको राजनीतिको वकालत गर्ने व्यक्ति गिरी साँच्चिकै एउटा नैतिक पात्रका रूपमा परिचित भए ।

समाजको माग र आवश्यकता बुझ्ने सधैं क्रान्तिकारी धारका नेता थिए । राजनीतिक दल, नेता तथा कार्यकर्ताहरूमा सधैं खबरदारी र लोकतान्त्रिक मूल्यमान्यता नबिर्सिन चेतावनी दिइरहन्थे । नेपाली कांग्रेसका मात्र नभई अन्य राजनीतिक दलका नीति र सिद्धान्तलाई अध्ययन गरी पार्टीका फरक चरित्रका विषयमा गहन अध्येता थिए ।

राजनीतिक दलका नीति र सिद्धान्तले समाजमा पार्ने प्रभाव र रूपान्तरणका सन्दर्भमा बहस मन्थन गर्थे । दलीय ह्विप र दलतन्त्र होइन, लोकतन्त्र र व्यवस्थालाई सधैं मूल मन्त्रका रूपमा लिए । समाजलाई पढ्न, नियाल्न र सम्बोधन गर्न सधैं अग्रसर देखिए ।

अहिले समाजमा युवाहरूको बाहुल्य छ, अब युवाले राजनीति, समाज र अर्थव्यवस्थालाई बदल्ने कोसिस गर्नुपर्छ भन्ने आशयका भनाइ लेखका माध्यमबाट धेरै पटक प्रस्तुत गरेका थिए । युवाहरूसँग अन्तरक्रिया गर्न, समयानुकूल समाजलाई बुझ्न चाहन्थे, व्यक्त गर्थे । दलभित्रका मात्र होइन कि दलभन्दा बाहिरका युवाहरूलाई पनि राजनीतिक लय नबिर्सनका लागि पटक-पटक झस्काइर हन्थे । उनले नेतृत्वका बारेमा निर्धक्क, विना पूर्वाग्रह प्रश्न गर्न, सच्चिन र नवीन अभ्यास गर्न आग्रह गरिरहे ।

फराकिलो अध्ययनको दायरामा अडिग गिरी अध्ययनको कुनै सीमामा बाँधिन चाहँदैनथे । ७५ वर्षको उमेरमा पनि उनी अझै सिक्दैछु, सिकाइ अनन्त छ भन्ने हार्दिकता कहिल्यै छोड्दैनथे । राजनीति बाहेक भाषा, संस्कृति, कला, इतिहास, अर्थशास्त्र, धर्मशास्त्र र सभ्यताका अनेक सन्दर्भमा पनि रुचि राख्ने गिरी निरन्तर अध्ययन गर्थे । आफूले अध्ययन गरेका विषयवस्तुलाई विभिन्न माध्यमबाट विचारका रूपमा प्रसारित गरिरहेका धेरै दृष्टान्त छन् ।

गिरी सीमान्तकृत जनजाति, दलित र महिलाले पनि न्याय पाउनुपर्छ भनेर सामाजिक समतामूलक न्यायका लागि माग राख्ने नेता थिए । उनी मधेशका दलित बस्तीमा न्याय र जागरण ल्याउन खटे । पहिचान नपाएर पिल्सिएका मानिसहरूको न्यायका लागि उनले अन्तिम समयसम्म बोले । मधेश र दलितका समस्याहरू क्षेत्रीय र कुनै वर्ग, जातिको मात्र होइन, यी राष्ट्रिय समस्या हुन्, राष्ट्रिय रूपमा नै न्यायोचित समाधान खोज्नैपर्छ भन्ने कुरामा उनी स्पष्ट थिए ।

राजनीतिमा भन्दा उनी दर्शन र समाजका सन्दर्भमा धेरै घोत्लिने गर्दथे । उनीसँगका ज्यादै कम र सटिक भेटमा केही जिज्ञासाहरू राख्ने प्रयत्न गर्दथें । तर, प्रायशः उनका प्रारम्भिक जवाफहरू रोचक र ठट्यौली पाराका हुन्थे । समाजको मनोविज्ञान बुझेर नै उनले राजनीतिक पद, सत्तामा बस्न चाहेनन् ।

विभिन्न अवसर आउँदा समेत उनले बेवास्ता गरेका धेरै उदाहरण छन् । तर, पार्टीले उनको राजनीतिक विचार आवश्यकतालाई कहिल्यै छोड्न चाहेन । उनका विचारलाई पार्टीले महत्वपूर्ण मान्यो । पार्टी कार्यक्रमहरूमा सहभागिता कम र अध्ययनमा धेरै समय व्यतीत गरे पनि पार्टीले उनको चिन्तनशील, वैचारिक गहन अध्ययनलाई सधैं चुम्बकीय शक्तिबाट आकर्षित गरिरह्यो ।

अहिले प्रदीप गिरी हामीसामु छैनन् । तर, उनले हामीलाई जीवन र जगतलाई बुझ्न सघाउने कैयौं ज्ञान र दृष्टिकोण छोडेर गएका छन् । नेपालमा राजनीतिज्ञहरू सत्ताको खिचातानीमा लागिरहँदा त्योभन्दा पर बसेर राजनीति हुन्छ भन्ने उदाहरण र कैयौं अनुभव छोडेर गएका छन् । कैयौं भेटघाटका यादहरू छोडेर गएका छन् ।

त्यस्तै महत्वपूर्ण बहस र पैरवीहरू छोडेर गएका छन् । उनको अन्तरात्माको स्वभाव, अध्ययनप्रतिको लगाव साथै समाज र राजनीतिलाई अध्ययनसँग जोडिरहनुपर्छ भन्ने त्यो अविचलित जीवन पद्धतिमा सम्भवतः अहिलेको पुस्ताले सिक्नुपर्ने महत्वपूर्ण सन्देश अन्तरनिहित छ । उनी जस्तै समाजप्रति चिन्तनशील भएर लाग्ने नेता पाउन सायदै यो पुस्तामा अब कठिन होला तर उनले कोरेर गएको विचारको राजनीति चाहिं सधैं स्मरणीय नै होला ।

# प्रधानन्यायाधीशमा विश्वम्भरप्रसाद श्रेष्ठ नियुक्त

काठमाडौंः राष्ट्रपति रामचन्द्र पौडेलले प्रधानन्यायाधीशमा विश्वम्भरप्रसाद श्रेष्ठलाई नियुक्त गरेका छन् । संवैधानिक परिषद्बाट प्रधानन्यायाधीशमा सिफारिस गरिएका सर्वोच्च अदालतका कायममुकायम प्रधानन्यायाधीश श्रेष्ठलाई संसदीय सुनुवाइ समितिको सोमबारको बैठकले सर्वसम्मत अनुमोदित गरेपछि राष्ट्रपति पौडेलले नियुक्त गरेका हुन् ।

राष्ट्रपति कार्यालयका प्रवक्ता शैलजा रेग्मी भट्टराईका अनुसार राष्ट्रपति पौडेलले श्रेष्ठलाई प्रधानन्यायाधीशमा नियुक्त गरेका हुन् । "राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको संविधानको धारा १२९ को उपधारा (२) बमोजिम संवैधानिक परिषद्को सिफारिसमा सर्वोच्च अदालतका कायम मुकायम प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठलाई नेपालको प्रधानन्यायाधीश पदमा नियुक्त गर्नुभएको छ", प्रवक्ता भट्टराईले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

प्रधानन्यायाधीश श्रेष्ठको शपथ मंगलबार तय भएको छ । राष्ट्रपति कार्यालय स्रोतका अनुसार प्रधानन्यायाधीशको शपथ दिउँसो १ बजेर ४५ मिनेटमा हुने भएको छ । श्रेष्ठले १४ महिना सर्वोच्च अदालतको नेतृत्व गर्नेछन् । २०१६ असोज २० मा डोटीको सिलगढीमा जन्मेका श्रेष्ठ २०३८ सालमा शाखा अधिकृतका रूपमा न्याय सेवामा प्रवेश गरेका थिए ।

त्यसको ६ वर्षमै जिल्ला न्यायाधीश भएका उनी २०६२ मा तत्कालीन पुनरावेदन अदालत बाग्लुङको न्यायाधीश भए । २०७० मा पुनरावेदन अदालत पोखराको कायममुकाम मुख्य न्यायाधीश भएका उनी २०७१ मा पुनरावेदन अदालत हेटौंडाको मुख्य न्यायाधीश भएको करिब दुई वर्षपछि २०७३ साउन १७ मा सर्वोच्च अदालतमा नियुक्त भएका हुन् । उनले २०८१ असोज २० मा ६५ वर्षे उमेर हदका कारण अवकाश पाउने छन् । संविधानमा प्रधानन्यायाधीश हुनका लागि सर्वोच्च अदालतमा कम्तीमा तीन वर्ष न्यायाधीश भएको हुनुपर्ने योग्यता तोकिएको छ । स्रोतः इकान्तिपुर ।

# हेटौंडामा डेङ्गुको लहर बढ्यो

समाज संवाददाता

हेटौंडाः हेटौंडामा डेङ्गुको लहर बढेको छ । यो वर्षकै सबैभन्दा बढि संख्यामा सोमबार डेङ्गु संक्रमित पाइएको छ । सोमबार दिउँसो स्वास्थ्य कार्यालय मकवानपुरले सार्वजनिक गरेको विवरणअनुसार २४ जनामा डेङ्गु पुष्टि भएको छ ।

डेङ्गु पुष्टि हुनेमा हेटौंडा उपमहानगरपालिका भित्रका २३ जना रहेका छन् । यस्तै, भीमफेदी गाउँपालिकाका १ जनामा पनि डेङ्गु संक्रमण पुष्टि भएको छ । मकवानपुरमा साउन महिनामा सोमबारसम्म १ सय ९७ जनामा डेङ्गु देखिएको छ । जसमध्ये हेटौंडाका मात्र १ सय ४५ जना रहेका छन् ।

हेटौंडा उपमहानगरपालिकाभित्र साउन महिनामा ६७ पुरुष र ७८ महिलामा डेङ्गु देखिएको स्वास्थ्य अधिकारी नवदीप सिलवालले जानकारी दिनुभयो । मकवानपुरमा सोमबारसम्म डेङ्गुका कारण एकजनाको मृत्यु पनि भएको छ । डेङ्गुको संक्रमणबाट बच्न सचेतना अभिवृद्धिको काम स्थानीय सरकारदेखि विभिन्न संघ, संस्थाले गर्दै आएको छ । हेटौंडा अस्पतालमा एकजना डेङ्गु संक्रमितलाई आइसीयुमा राखेर उपचार गरिरहेको छ । ती विरामीको स्वास्थ्य अवस्था खतरामुक्त रहेको हेटौंडा अस्पतालका मेसु डा. रामचन्द्र सापकोटाले जानकारी दिनुभएको छ ।

# मकवानपुर बालविद्या सदन

## हेटौंडा-१८, खड्कुले

### मेरो हजुरबुबा



**सुजाता बराईली**
**कक्षा-१०**

हजारौं सुन्दर सपना बोकी थाकेका आँखाहरु
झ्याल छेउ बसी सम्झिँदा हुन् देउराली र वनपाखाहरु
सम्झँदा हुन् मेरा हजुरबा यौवनका जाँगर अनि जोश
खुईए ! गर्दै सोच्दा हुन् मनमनै कसरी हराए ति होस्
चाउरी परेका गाला छन् अहिले कुप्रिएका छन् ढाड
सकी नसकी गाउँ-गाउँ डुल्छन् लिएर लौरोको आड
जीवन हाम्रो यात्रा हो सुन्दर आईरहन्छ घुम्ती अनेक
भन्छन् हाम्रा हजुरबा सधैं निराशा कहिल्यै नदेख
हाँसेर हिँड्न सिकाए मलाई जीवनको उकाली ओराली
बढ्नु अघि चढ्नु छ शिखर आफैंले आफैलाई सम्हाली

### आमा



**आस्था बोहरा**
**कक्षा-१०**

नौं महिना कोखमा बोकेर मलाई देखायौ संसार
जन्माउन मलाई सहेकी छौ सयौं कष्टका प्रहार
जननी तिमी ब्रह्माण्ड मेरो, मायाको सागर
सिकायौ ताते गरेर हिँड्न, तर्नलाई जङ्घार
सुतायौ गाउँदै रातमा लोरी, मारेर निन्द्रालाई
असाध्यै माया गर्दछौ तिमी ए आमा हामीलाई
खुवायौ खाना को खाई गर्दै रिसाएको बेलामा
सिकायौ लेख्न अक्षरहरु जीवनका पानामा
लुकाई कतै ति नयन भित्र सागर अश्रुका,
कसरी ल्याउँछौ भनन आमा बहार खुसीका ?
गर्छु म माया ए आमा तिमीलाई भन्न चैं सक्दिन
बोलीले वर्णन नसकुँला गर्न, मेरा भावना बुझ्न
माता श्री तिमी मैले फेर्ने सास मेरी हौ भगवान
जति जुनी पाउँ चाहन्छु हुन तिम्रो नै सन्तान

# एकैदिन सात जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको ५ जिल्लामा एकैदिन आइतबार ७ जनाको मृत्यु भएको छ । आइतबार दिउँसो साढे ४ बजे मकवानपुरको कैलाश गाउँपालिकामा खोलाले बगाउँदा ४ वर्षीया प्रमिसा स्याङ्तानको मृत्यु भएको छ । नुवाकोट जिल्लाको ककनी गाउँपालिका-१, ठूलोखोलामा ४६ वर्षीया कुमारी सारु मगरको मृत्यु भएको छ । निर्माण क्षेत्रमा ज्याला मजदुरी गर्ने मगरको सुतिरहेको बेलामा मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

चितवन जिल्लाको भरतपुर महानगरपालिका-१०, हाकिमचोकमा १९ वर्षीय नवीन खनियाँ आफ्नै कोठामा झुण्डिएको अवस्थामा मृत फेला गरेका छन् । नुवाकोटा जिल्लाको बेलकोटगढी नगरपालिका-१० मा ६५ वर्षीय वृद्ध कोपचन्द्र सुनारको भीरबाट लडेर मृत्यु भएको छ । काभ्रे जिल्लाको नमोबुद्ध नगरपालिका-२ मा भारतको दार्जिलिङ घर बताउने अन्दाजी ५० वर्षीय मोक्तान भनिने एक पुरुष मृत अवस्थामा फेला परेका छन् । काभ्रे जिल्लाकै पाँचखाल नगरपालिका-६, हनुमानगढीमा गोरेटोबाटोमा ५८ वर्षीय गुम्दे सार्की मृत अवस्थामा फेला परेका छन् । यस्तै सिन्धुली जिल्लाको दुधौली नगरपालिका-२, आँपभञ्ज्याङमा भारत सितामढीका ३३ वर्षीय सुनिल कुमार यादव लंगुरखोला मन्दिर दर्शन गर्न जाँदै गर्दा अचानक लडेका थिए ।

यादवलाई उपचारका लागि स्वास्थ्यचौकी लगिएकोमा डाक्टरले मृत घोषित गरेको बागमती प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।

# व्यवसायीद्वारा...

हेटौंडा-१ स्थित श्रेष्ठ होटल, समोसा हाउस, युनिक स्वीट एण्ड चाट हाउस, हेटौंडा-२ स्थित लोकप्रिय भोजनालयमा सरसफाई तथा खाद्य पदार्थको भण्डारणमा कैफियतहरु देखिएकोले सुधारका लागि निर्देशन दिइएको पनि अनुसन्धान अधिकृत प्रकृति अधिकारीले विज्ञप्तिमा उल्लेख गर्नुभएको छ ।

सोमबार खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयको अगुवाईमा हेटौंडा-१ स्थित चुनिया थकाली होटेल र अन्नपूर्ण भोजनालय, हेटौंडा-२ स्थित जनप्रिय भोजनालय र ओसिन रेस्ट हाउसमा सरसफाई तथा खाद्य पदार्थको भण्डारणसम्बन्धी कैफियतहरु देखिएकोले सुधारका लागि निर्देशन दिइएको एक विज्ञप्ति सार्वजनिक गर्दै खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयले जनाएको छ ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयको संयोजनमा जिल्ला प्रशासन कार्यालय मकवानपुर, हेटौंडा उपमहानगर पालिका, घरेलु तथा साना उद्योग कार्यालय, उपभोक्तावादी संघ, संस्थाका प्रतिनिधि, मकवानपुर उद्योग वाणिज्य संघका प्रतिनिधिको समेत उपस्थितिमा बजार अनुगमन गरिएको हो ।

# २ सहकारी खारेज

**काठमाडौंः काठमाडौं महानगरपालिकाको दुई वटा सहकारी संस्था खारेज गरेको छ। महानगरले जारी गरेको सूचना अनुसार वडा नम्बर ५ मा रहेको जेष्ठ नागरिक स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेड र वडा नम्बर ७ मा रहेको सुकस बचत तथा ऋण सहकारी संस्था लिमिटेड खारेज गरेको हो ।**

**महानगरको सहकारी विभागको गत १६ साउनको निर्णय अनुसार ती सहकारी संस्थाहरू खारेज गर्ने निर्णय गरेको सूचनामा उल्लेख छ । 'काठमाडौं महानगरपालिका सहकारी ऐन, २०७४ को दफा ६६ को उपदफा (१) बमोजिम खारेजी गरको हो,' सूचनामा भनिएको छ ।**

**स्रोतः अनलाइनखबर ।**

# हेटौंडा बजारमा चामलको भाउ स्थीर

समाज संवाददाता

हेटौंडाः हेटौंडामा एक महिनादेखि चामलको भाउ स्थिर रहेको छ । उर्जा चामल प्रतिबोरा २२ सय (प्रतिकेजी ८५) रुपैयाँ, सावित्री चामल प्रतिबोरा १८ सय (प्रतिकेजी १ सय) रुपैयाँ, सानो मसिनो चामल प्रतिबोरा १८ सय ५० (प्रतिकेजी ७०) रुपैयाँ रहेको छ । यसैगरी सोल्टी चामल प्रतिबोरा २१ सय (प्रतिकेजी ८५) रुपैयाँ, सोना बासमती चामल प्रतिबोरा २१ सय (प्रतिकेजी ८५) रुपैयाँमा बिक्री भइरहेको होलसेल व्यवसायी सत्यबहादुर प्रजापतिले जानकारी दिनुभएको छ ।

प्रजापतिका अनुसार बजारमा भएको चामलले नयाँ धान पाक्ने बेलासम्म दुई महिनालाई धान्न सक्छ । चामल बिरगंजबाट ल्याएको प्रजापति बताउनुहुन्छ । चामल मिलवालाले राम्रो भाउ पाउन सकेको छैन । चामलले बजार नपाएको व्यापारीहरुले मूल्य बढाएकाले मात्रै हो ।

बजारमा त्यति धेरै माग नरहेको प्रजापतिले बताउनुभयो । यस्तै आज प्याज प्रतिबोरा १३ सय रुपैयाँदेखि १६ सय रुपैयाँसम्म बिक्री भइरहेको छ । प्याज भारतले ४० प्रतिशत कर लगाएसँगै मूल्य बढेर आउने गरेको छ ।व्यवसायीहरुले सरकारलाई १३ प्रतिशत कर तिर्दा जनताको ढाड सेक्ने काम गरेको व्यवसायीहरु बताउँछन् ।

# छात्रवृत्ति चिकित्सकले धानेको दुर्गमको स्वास्थ्य सेवा



काठमाडौंः बझाङका दिलबहादुर गुरुदानीले बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट सन् २०२१ मा एमबीबीएसको अध्ययन पूरा गरे । सरकारी छात्रवृत्तिमा एमबीबीएस अध्ययन गरेका उनले दुर्गममा दुई वर्षका लागि सेवा गर्नुपर्ने पूर्वसर्त थियो । दिलबहादुरले बझाङ रोजे, सरकारले स्वीकृति दियो ।

'दुर्गममा जन्मिएकाले सानो अवस्थामा स्वास्थ्य सेवा नपाएर मृत्यु भएका घटनालाई नजिकबाट देखेको थिएँ,' २०६० सालमा छिमेकी काकी सुत्केरी हुन नसक्दा घरमै मृत्यु भएको पीडाले चिकित्सक बनेका डा. गुरुदानी भन्छन्, 'बझाङ जस्तो दूरदराजमा गएर स्वास्थ्य सेवा दिन पाउँदा छुट्टै उमङ्ग हुन्छ ।' बझाङ जिल्ला अस्पतालमा उनीसँगै छात्रवृत्तिमा अध्ययन गरेका चार जना मेडिकल अधिकृत कार्यरत छन् । डेन्टल सर्जन, स्त्रीरोग विशेषज्ञ र हाडजोर्नीका विशेषज्ञ चिकित्सक छन् । दैनिक ३०० हाराहारी बिरामीले सेवा लिन्छन् । 'मैले एसएलसी दिंदासम्म जिल्लामा डाक्टर देख्न मुस्किल हुन्थ्यो । हात-खुट्टा भाँचिएको तथा सामान्य खालका शल्यक्रिया गर्न सम्भव हुँदैनथ्यो' उनी विगत सम्झिन्छन्, 'अहिले विभिन्न विधाका विशेषज्ञ सेवा दिइरहेका छौं ।' (स्रोतः अनलाईखबर)

**सूचना ! सूचना !! सूचना !!!**

**यहि आउँदो भदौ १६ गते काठमाडौं शहिद गङ्गालाल हृदय केन्द्र काठमाडौंबाट वरिष्ठ मुटु रोग विशेषज्ञ डा. बिवेक बानिया आउनु हुने भएकोले मुटु सम्बन्धि समस्या भएको, उच्च रक्तचाप (High blood pressure) कोलेस्ट्रोल सम्बन्धि समस्या भएको नयाँ तथा पुरानो बिरामीहरुले सम्पर्क गर्नु होला ।**

**हाम्रो सेवाहरू**

- Echo (मुटुको video X-ray) सेवा
- ECG, video X-ray सेवा
- प्याथोलोजी सेवा
- फिजियो थेरापी सेवा
- दाँत सम्बन्धि सम्पूर्ण रोग उपचार
- छाला तथा यौन रोग विशेषज्ञ सेवा
- स्त्री तथा प्रसुति सेवा सम्बन्धि
- नाक, कान तथा घाँटी रोग सम्बन्धि सेवा

Sancho Hospital Pvt. Ltd.

**सम्पर्कः मकवानपुर पोलिक्लिनिक**
**हेटौंडा-१, भिन्तुनापथ**
**०५७-५२५८०१, ९८४५२३७६११, ९८०७१३१३६४**
**(सन्चो हस्पिटल अगाडी, मकवानपुर सहकारी हस्पिटल सङ्गै)**



## चेक चोरेर वन समूहको खाताबाट २५ लाख झिकियो

# पीडितद्वारा दोषीलाई कारवाहीको माग



*चेक चोरी गरी पैसा झिकिएको विषयमा जानकारी दिनुहुँदै सिस्नेरीपाखा सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष शिवकुमार बिक ।*

समाज संवाददाता

हेटौँडाः मकवानपुरको मनहरी गाउँपालिका-६ स्थित सिस्नेरीपाखा सामुदायिक वन उपभोक्ता समूहको चेक चोरी गरी २५ लाख रुपैयाँ अनधिकृत व्यक्तिले झिकेका छन् । मनहरी-६, डिपार्टमा दिदीबहिनी होटलका सञ्चालक लालकुमार थिङले चेक चोरी गरी २५ लाख रुपैयाँ झिकेका हुन् । गत माघ १४ गते खाजा खान होटलमा गएका बेला थिङले चेक चोरी गरी माघ १८ गते चेक काटेर वन समूहको राष्ट्रिय वाणिज्य बैंकमा रहेको खाताबाट आफ्नो नाममा कामना सेवा बैंकमा रहेको खातामा २५ लाख रुपैयाँ ट्रान्सफर गरेको थिए ।

सिस्नेरीपाखा सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष शिवकुमार बिकका अनुसार थिङले २ थान चेक चोरी गरी रकम वन समूहको रकम आफ्नो खातामा सारेका हुन् । डिभिजन वन कार्यालय मनहरीबाट काठे पुल र वन्यजन्तुका लागि कुवा निर्माण गर्न प्राप्त भएको रकम रहेको खाताबाट पैसा झिक्नका लागि भनेर छाप लगाएर हस्ताक्षर समेत गरिराखेको चेक थिङले चोरी गरेको बिकको भनाइ छ । काम सम्पन्न भइसकेकोले भुक्तानी दिने तयारी गरी समूहले बैठक बसेर निर्णय समेत गरिसकेको अवस्थामा चेक चोरी गरेर रकम झिकिदिएपछि आफूहरु समस्यामा परेको बिकको भनाइ छ ।

प्रहरीको समन्वयमा पैसा फिर्ता गर्ने मौखिक सहमति भए पनि पैसा फिर्ता नभएपछि वन समूहले चैत ५ गते प्रहरीमा चोरी मुद्दा दर्ता गरेको बताएको छ । फागुन २० गतेसम्म पैसा फिर्ता गर्न सहमत भएका थिङले पछि भने उल्टै धम्क्याउन थालेको वन समूहका अध्यक्ष शिवकुमार बिक बताउनुहुन्छ । अहिले थिङ सम्पर्कमै नरहेको बताउनुहुँदै सोमबार हेटौँडामा पत्रकार सम्मेलन गर्दै दोषीलाई कारवाही गर्न माग गर्नुभएको छ ।

## बुढीचौरका किसान तरकारी खेति र पशुपालनमा

# तीन महिनामा डेढ करोडको तरकारी निकासी

समाज संवाददाता

हेटौँडाः मकवानपुर जिल्लाको मकवानपुरगढी गाउँपालिका-८, बुढीचौरका किसानहरु तरकारी खेतीबाट मनग्य आयआर्जन गर्न सफल भएका छन् । स्थानीय एकता स्वाबलम्बन कृषि सहकारी संस्थाका व्यवस्थापक गुञ्जरत्न लुङ्वालकाअनुसार विगत तीन महिनामा बुढीचौरका किसानले डेढ करोड रुपियाँ बराबरको तरकारी निर्यात गरेका छन् ।

गाउँपालिकाका कृषिअधिकृत चन्द्रकान्त चौधरीले दिनुभएको जानकारी अनुसार बुढिचौरमा मुख्यरुपमा प्लाष्टिक टनेल भित्र बेमौसमी गोलभेडा खेती भइरहेको छ । वडाका १५० घरधुरी कृषकले टनेल बनाई गोलभैँडा, काउली, बन्दा, रायोको साग, अकबरे खुर्सानी, काँक्रो, धनियाँ, केराउ, स्कुस लगायतका तरकारीहरु उत्पादन गर्दै आइरहेका छन् ।

बुढीचौरका किसानहरुले तरकारी खेतिमा देखाएको रुची र उदाहरणीय कामलाई प्रोत्साहित गर्ने उद्देश्यले मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष दोर्जे लामा स्याङ्तानले बुढीचौरको भ्रमण गरी कृषकहरुले लगाएका तरकारी बालीको स्थलगत अवलोकन गर्नुका साथै एकता स्वाबलम्बन कृषि सहकारी संस्थाका पदाधिकारी तथा कृषकहरुसँग अन्तरक्रिया समेत् गर्नुभएको छ । कार्यक्रममा वडाध्यक्ष कुमार सिंह घिसिङ, वडा सदस्यद्वय गोकुल देबकोटा, गमला बिक, स्वास्थ्य शाखा प्रमुख, ध्रुवप्रसाद लामिछाने, सहकारी संस्थाका पदाधिकारीहरु र ५० जना कृषकहरुको सहभागिता रहेको थियो ।

हेटौँडा बजारदेखि करिब ३० किलोमिटरको दुरीमा अवस्थित बुढिचौर समुन्द्री सतहदेखि १३०० मीटरसम्मको उचाइमा रहेको छ । प्राकृतिक सौन्दर्यताले भरिपूर्ण, जैविक विविधतायुक्त, कृषि विकासको निकै सम्भावना बोकेको वडाका अधिकांश जनताहरु करिब ९० प्रतिशत कृषि पेशालाई मुख्य पेशा बनाई जिविकोपार्जन गरिरहेका छन् ।

अधिकांश युवाहरु रोजगारीको सिलसिलामा विदेशिने क्रम दिनानुदिन बढ्दै गइरहेको अवस्थामा मकवानपुरगढी गाउँपालिका-८, बुढिचौरमा कृषि पेशा, व्यवसायमा तुलनात्मकरुपमा युवा पुस्ताको बाहुल्यता रहेको देखिन्छ । युवाहरुले गाउँभरि टनेल बनाएर सेताम्मे बनाएका छन् र आफ्नै गाउँको माटोमा भविष्य खोजिरहेका छन् । सहकारी संस्थाका अध्यक्ष बालानन्द तिमिल्सिनाकाअनुसार बुढीचौरका कृषकले थुप्रै समस्या भोग्दै आइरहेका छन् । समयमा गुणस्तरीय कृषि सामग्री नपाउनु, रोगकिराको प्रकोप, प्राकृतिक प्रकोप, यातायातको समस्या, बजारीकरण लगायतका समस्याका बावजुद बुढीचौरका किसानहरुले आफ्नै पौरखमा खेतबारी हराभरा बनाएको अध्यक्ष तिमिल्सिना बताउनुहुन्छ ।



## दैनिक एक हजार लिटर दुध संकलन

मकवानपुरगढी-८, बुढीचौरस्थित एकता स्वाबलम्बन कृषि सहकारी संस्थाले २०७९ पुस १ गतेबाट दुध संकलन शुरुवात गर्दा पहिलो दिन ६० लिटर दुध संकलन गरेको थियो । दुध संकलन शुरुवातसँगै सहकारी संस्थाको अग्रसरता र गाउँपालिकाको सहजीकरणमा गाई/भैंसी पाल्ने कृषकहरुको संख्या बढ्दै गयो । हाल दैनिकरुपमा विहान बेलुका गरी एक हजार लिटर दुध संकलन भइरहेको पशु सेवा प्राविधिक कर्ण बहादुर बिकले जानकारी दिनुभयो ।

दुध संकलन शुरु हुनुभन्दा पहिले ४/५ कृषक परिवारले घरायसी प्रयोजनका लागि मात्र गाई/भैंसी पालिरहेकोमा अहिले ६८ कृषक परिवार पशुपालनमा संलग्न रहेका छन् । जसमा ५८ वटा गाई र १७ वटा भैंसी रहेका छन् । क्रमशः पशुपालन गर्ने कृषक र पशुको संख्यामा वृद्धि भइरहेको सहकारीका सचिव अजय योञ्जनले बताउनुभयो । कृषकहरुलाई पशुपालनले दुध उत्पादनबाट आम्दानी वृद्धिसँगै खेतीका लागि गोठे/गोबर मल पनि गाउँमै उपलब्ध हुन थालेको छ । यसले खेतीको लागत समेत घटाउन मद्दत पुऱ्याएको सहकारीका अध्यक्ष बालानन्द तिमल्सिना बताउनुहुन्छ । बुढीचौरका किसानले खेतीका लागि अन्यत्रबाट महँगो मूल्य तिरेर गोठे मल ल्याउने क्रम हट्दै गएको उहाँको भनाइ छ ।

कृषकहरुसँगको छलफलमा उनीहरुको मिहिनेत र लगनशीलतालाई उच्च कदर गर्दै गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तानले उत्पादनमुखी योजनालाई पालिकाले प्राथमिकतामा राखेको बताउनुभयो । यस वर्ष बुढीचौरको तरकारी उत्पादनलाई मध्यनजर गर्दै इचुङ र सुकौरा हुँदै हेटौँडासम्म दैनिकरुपमा सवारी साधन आवतजावत गर्न सक्ने वातावरण मिलाइएको उहाँले बताउनुभयो । अगामी दिनमा संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी कृषिको क्षेत्रमा लगानी आकर्षित गर्न प्रयास गरिने अध्यक्ष स्याङ्तानले बताउनुभएको छ ।

# अस्पतालमा दाँतका बिरामी बढ्दै

समाज संवाददाता

हेटौंडाः हेटौंडा अस्पतालको दन्तरोग विभागमा बिरामीको चाप बढ्न थालेको छ । अस्पतालको दन्तरोग विभागमा दाँतको उपचार गराउन आउने बिरामीको संख्या पहिलाभन्दा अहिले बढ्न थालेको हो ।

दाँतको समस्या लिएर आउने बिरामीहरु अधिकांश अन्तिम चरणमा आउने गरेको बताइएको छ । बिरामीहरु अस्पतालमा दाँतको उपचार गराउन आउँदा अन्तिम चरणमा पुगिसकेको हुने हेटौंडा अस्पतालका दन्तरोग विशेषज्ञ डा. अस्मित पोखरेलले जानकारी दिनुभयो ।

अस्पतालको दन्तरोग विभागमा पछिल्ला दिनहरुमा औसत दैनिक ४० जना बिरामी आउने गरेका छन् । अस्पतालमा परिपक्व उमेरका बिरामी धेरै दाँत दुखेर आउने गरेको डा. पोखरेलले बताउनुभयो । साथै, बालबालिका र वृद्धहरु दाँत सुन्नेर आउने गरेको उहाँको भनाइ छ ।

बिरामीहरु दाँत हल्लेर, मुखमा घाउ भएर, गिजाबाट रगत आएर, मुख गन्हाएर, दुर्घटनामा परेर, गाला सुन्निएर पनि आउने गरेका छन् । 'बिरामीले धेरै लापरवाही गरिरहेका छन्', डा. पोखरेले भन्नुभयो- 'दाँत बलियो बनाउन ६-६ महिनामा दाँत सफा तथा जाँच गर्नुपर्छ ।' उहाँका अनुसार सामान्य अवस्थामा नियमित दाँतको जाँच गर्न विरलै आउँछन् ।

दाँत दुख्नुको कारण मौखिक स्वच्छता नभएको, मीठो खाना, कार्बोहाइड्रेडयुक्त खाना, टाँसिने खाना हो । दिनमा दुईपटक दाँतमा ब्रस गर्नुपर्छ । हेटौंडा अस्पतालमा दाँतका ५ जना डाक्टर छन् । डा. पदम नेपाली, डा. अस्मित पोखरेल, डा. अनिसा सापकोटा, डा. रञ्जन शाह र डा. नवीनकुमार चौधरीले दातँको उपचार सेवा प्रदान गर्दै आइरहेका छन् ।

## लागुऔषधसहित बर्तौला पक्राउ

समाज संवाददाता

हेटौँडाः लागुऔषध खैरोहिरोईनसहित मकवानपुर प्रहरीले एकजनालाई पक्राउ गरेको छ । आइतबार बिहान ८ बजेको समयमा हेटौँडा-१०, बसपार्क क्षेत्रबाट हेटौँडा-११, नवलपुरका ४४ वर्षीय मनोज बर्तौलालाई लागुऔषध खैरोहिरोईन १.३५० ग्राम सहित नियन्त्रणमा लिएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ । प्रहरीले बर्तौलालाई हिरासतमा राखी अनुसन्धान गरिरहेको छ ।

## गाडी दुर्घटना हुँदा २ जनाको मृत्यु

दाङः सल्यानमा भएको गाडी दुर्घटनामा घाइते भएका दुई जनाको मृत्यु भएको छ ।

गाडी दुर्घटनमा घाइते भएर दांगको राप्ती प्रादेशिक अस्पताल ल्याइएका सल्यानको दार्माकोट गाउँपालिका-२ की ३६ वर्षीया ओमपत खत्री र रुकुम पश्चिमका ६० वर्षीय कमारो कामीको उपचारका क्रममा मृत्यु भएको हो ।

इलाका प्रहरी कार्यालय तुलसीपुरका प्रमुख डिएसपी पुष्पराज मल्लले दुर्घटनामा घाइते भएकाहरुको अस्पतालमा थप १६ जना घाइतेको उपचार भइरहेको बताए । सोमबार दिउँसो रुकुमबाट नेपालगञ्ज जाँदै गरेको लु २ ख ५७३१ नम्बरको फोर्स गाडी राप्ती राजमार्गअन्तर्गत सल्यानको कपुरकोट नजिकै दुर्घटनामा भएको थियो । गाडी सडकबाट करिब दुइ सय मिटर तल खसेको थियो । *(स्रोतः अनलाईनखबर)*

स्वादिष्ट नेवारी खाजा



अब होटल बासुकला (फास्टफुड) मा

- स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
- नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायत

सुख्खा रोटी, आलु पराठा, फ्राइ राइस, मटन मम, बिरयानी, कोन डग, सेकुवा, चिकेन क्रन्ची,

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३

हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्याबरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

बाढीपहिरोबाट जोगिऔं ।

जथाभावी सडक निर्माण र वन विनाशले बाढीपहिरो निम्त्याउने हुँदा:

- वृक्षारोपण गरौं वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं ।
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालोजस्ता भू-क्षय रोक्ने खालका बिरुवा रोपौं र संरक्षण गरौं ।
- बस्ती तथा समुदायको रक्षा गरौं ।
- बाढी आएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं ।
- घर बनाउने स्थान बाढी तथा पहिरोको जोखिममा भए नभएको एकीन गरौं ।
- बाढीपहिरोबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड